# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ३, संख्याः ११, माघ २६ गते, २०७६ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको संशोधन नियमावली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## शिक्षा नियमावली (संशोधन), २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६।१०।२२

व्यास नगरपालिका शिक्षा नियमावली २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ बमोजिम व्यास नगर कार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. नियम ५० को उपदफा ११ मा प्रधानाध्यापक नियुक्ति सम्बन्धी छनौट सिफारिस समितिमा तल लेखिएबमोजिम पदाधिकारी सदस्य रहनेछन् भन्ने प्रावधान थप गरिएको छः
   (क) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -अध्यक्ष
   (ख) नगर शिक्षा अधिकारी -सदस्य
   (ग) वरिष्ठतम स्थायी शिक्षक मध्येबाट नगरपालिका कार्यालयले तोकेको विज्ञ सदस्य -सदस्य
   (घ) विद्यालय व्यवस्थापन समितिले तोकेको प्रधानाध्यापक वा सम्बन्धित विद्यालयको वरिष्ठ शिक्षक -सदस्य सचिव

२. अनुसूची १२ नियम (१०) मा भएको शिक्षक छनौट समितिले प्रधानाध्यापक पदको लागि शिक्षक सिफारिस गर्दा महिला, दलित र अपाङता उम्मेदवार र अन्य उम्मेदवारको अंक बराबर भएमा क्रमशः महिला, दलित र अपांगता उममेदवारलाई सिफारिस गर्नुपर्नेछ भन्ने प्रावधान हटाइएको छ ।

३. नियम ५४ को उपनियम १ (क) मा भएको विद्यालय रहेको वडाको अध्यक्ष -अध्यक्षको सट्टा सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष- अध्यक्ष राखिएको छ ।

४. नियम ५४ को उपनियम १ (ख) मा भएको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष-सदस्य भन्ने प्रावधान हटाइएको छ ।

५. नियम ५४ को उपनियम १ (ग) मा भएको नगर शिक्षा अधिकारीले तोकेको शिक्षा अधिकृत वा निरीक्षक वा विशेषज्ञ शिक्षक सदस्यको सट्टा नगर शिक्षा अधिकारी वा निजले तोकेको नगरपालिकाको अधिकृत प्रतिनिधि सदस्य राखिएको छ ।

६. नियम ५४ को उपनियम १ (घ) मा भएको सुचिकृत विज्ञ मध्ये विषय विशेषज्ञ एक जना सदस्यको सट्टा सूचिकृत विज्ञ मध्ये विषय विशेषज्ञ दुई जना सदस्य राखिएको छ ।

७. नियम ५५ को उपनियम १ मा भएको स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले प्रमुख प्रशासकीय अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नुपर्ने भन्नेको सट्टा स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले नगर शिक्षा अधिकारी मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नुपर्ने राखिएको छ ।

७. नियम ५७ को उपनियम ६ मा दरबन्दी रिक्त भई विषय वा तह मिल्ने भएमा अर्को प्रदेश, जिल्ला र अन्तरपालिकामा भएको शिक्षकलाई सम्बन्धित विद्यालय र कार्यपालिकाले निर्णय गरी सहमति दिएमा यस नगर कार्यपालिकाको निर्णयबाट नियमानुसार नगर शिक्षा अधिकारीले सरुवा गर्न सक्नेछन् भन्ने प्रावधान थप गरिएको छ ।

आज्ञाले<br>
दिनेशराज पन्त<br>
प्रमुख प्रशासकीय अधिकृत